म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२० शनिबार, ९ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 22 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## श्रममन्त्री महर्जनलाई ७ बुँदे ध्यानाकर्षणपत्र

हेटौंडा, ८ चैत/अनौपचारिक क्षेत्रका श्रमिक महिलाले आफूले भोग्नुपरेको समस्याको बारे बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त मर्हजनलाई ध्यानाकर्षणपत्र बुझाएका छन् । शुक्रबार काठमाडौं, चितवन र मकवानपुरका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक महिलाले ७ बुँदे माग राख्दै ध्यानकर्षणपत्र बुझाएका हुन् । असंगठित क्षेत्रमा काम गर्ने श्रमिक महिलाले आफूले गर्ने कामको आधारमा घर, परिवार, समाजले हेर्ने दृष्टिकोण र कार्यस्थलमा भोग्दै आएका हिंसा, शोषण र विभेद, ज्यालामा भएको ठगी , असमान ज्याला जस्ता समस्या भोग्नुपरेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । ध्यानाकर्षणपत्र बुझ्दै श्रममन्त्री महर्जनले स्वेदशमा युवालाई श्रम गर्न प्रेरित गर्ने अभियानमा सरकार रहेको बताए । नेपालमा नै युवालाई सीपमूलक तालिम दिई दक्ष बनाउने सरकारको लक्ष्य रहेको उनले बताए । मन्त्री महर्जनले श्रम ऐन २०७४ संशोधन हुने प्रक्रियामा रहेकोले अनौपचारिक क्षेत्रका श्रमिक महिलाका कुराहरु समावेश गर्न प्रतिबद्धता व्यक्त गरे । उनले अब बन्ने बजेटमा सामाजिक सुरक्षाकोषमा अनौपचारिक क्षेत्रका श्रमिक महिलाका लागि बजेट छुट्टाउने समेत प्रतिवद्धता जनाए ।

# ढल्केबर-बारा खण्ड निर्माण कार्य सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभीए प्रसारण लाइन आयोजनाअन्तर्गत ढल्केबर-बारा खण्ड निर्माणकार्य सकिएको छ ।



देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारत बीचको विद्युत व्यापार विस्तारका लागि यो प्रसारण लाइन निर्माण भइरहेको छ । धनुषाको ढल्केबर सबस्टेसनदेखि पश्चिमतर्फ पर्ने महोत्तरी, सर्लाही, रौतहट हुँदै बारा र मकवानपुरको सीमानामा पर्ने सरस्वती डाँडासम्मको १०० किलोमिटर प्रसारण लाइन निर्माण सकिएको हो ।

धनुषाको ढल्केबरबाट पूर्वतर्फ पर्ने सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको १५४ किलोमिटर ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण निर्माण सकिएर गत असारबाट सञ्चालनमा आइसकेको छ । ढल्केबरबाट पश्चिमतर्फको विद्युत प्रवाहलाई थप सहज बनाउन रौतहटको चन्द्रनिगाहपुर (चपुर) बजार नजिक रहेको जंगलसम्मको करिब ६० किलोमिटर ४०० केभी प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीमा सञ्चालनमा ल्याइएको छ ।

हाल चालु रहेको पूर्वपश्चिम १३२ केभी प्रसारण लाइनलाई उक्त स्थानमा ट्यापिङ गरी बिहीबार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थितिमा ४०० केभी प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिएको हो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ढल्केबरबाट पश्चिमतर्फ र पश्चिमबाट ढल्केबरतर्फ विद्युत पठाउन हाल रहेको पूर्वाधार संरचनाको बाधा हटाउन निर्माण सम्पन्न भएको ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएको बताए ।

'हिउँदयाममा हाल देखिएको ऊर्जा अभावलाई समाधान गर्न ढल्केबर-मुजाफरपुर अन्तर्देशीय प्रसारण लाइनबाट दिउँसो थप विद्युत भारतबाट आयात गर्न सकिन्छ, यसबाट कुलेखानी जलाशय, माथिल्लो तामाकोशी, कालीगण्डकी, मर्स्याङ्दी, मध्यमर्स्याङ्दीजस्ता अर्धजलाशययुक्त आयोजनाको पानी दिउँसो जम्मा गरी साँझको पिकआवर र राति चलाउन सकिन्छ, यसबाट ढल्केबरबाट पश्चिमतर्फको विद्युत आपूर्ति व्यवस्थापनमा थप सहज हुनेछ,' घिसिङले भने ।

वर्षायाम सुरु भएपछि देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत पश्चिमबाट ढल्केबरतर्फ प्रवाह गरी भारतमा हुने विद्युत निर्यातको परिमाण बढाउन सकिने उनको भनाइ छ । हाल चालु रहेको १३२ केभी प्रसारण लाइनको कन्डक्टर फेरेर क्षमता बढाउने काम अगाडि बढाउन सहज भएको पनि उनले जानकारी दिएका छन् ।

पूर्वपश्चिम १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता वृद्धि गर्न हेटौंडादेखि ढल्केबर सबस्टेसनसम्मको करिब १३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्चक्षमताको नयाँ तार राख्न लागिएको हो ।

अब ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएकाले यो लाइनबाट विद्युत प्रवाह गरी तार फेर्ने काम अगाडि बढाउन सकिने भएको प्राधिकरणले जानकारी दिएको हो । अहिले पुरानो १३२ केभी प्रसारण लाइनबाट करिब २ सय मेगावाट विद्युत प्रवाह हुँदै आएकोमा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४ सय मेगावाटसम्म प्रवाह गर्न सकिने हुन्छ ।

यसबाट त्यस क्षेत्रमा विद्युत आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युतलाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युतलाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिने उल्लेख गरिएको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभन्ज्याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेसम्मको २ सय ८८ किलोमिटर ४०० केभी प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो ।

### पूर्व राष्ट्रसेवक कर्मचारीको गुनासो

# सविधानमा भएको व्यवस्था कार्यान्वयन हुन सकेन



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ सेवानिबृत्त राष्ट्रसेवकहरुको बिज्ञतालाई राज्यले प्रयोग गर्न नसकेकोमा चिन्ता र चासो ब्यक्त गरिएको छ । शनिबार हेटौंडामा पूर्वकर्मचारी सेवा परिषद् बागमती प्रदेश समितिले आयोजना गरेको अन्तरक्रियामा सहभागीहरुले संविधानमा ब्यवस्था भएपनि कार्यान्वयनमा आउन नसकेको मा चिन्ता गरेका हुन् ।

परिषद्का बागमती प्रदेश अध्यक्ष तीर्थराज पराजुलीको सभाध्यक्षतामा भएको अन्तरक्रियामा परिषद्का केन्द्रीय अध्यक्ष नेपाल सरकारका पूर्वसचिव बालकृष्ण प्रसाईंले संविधानले पूर्व राष्ट्रसेवक कर्मचारीको बिज्ञतालाई राज्यको बिभिन्न क्षेत्रमा प्रयोग गरिने उल्लेख भएको तर, ब्यवहारमा लागू हुन नसकेको बताए । सेवानिबृत्त कर्मचारीले हासिल गरेको अनुभवलाई नयाँ पुस्ताका कर्मचारीमा हस्तान्तरण गर्न सरकारले ऐन, कार्यबिधि बनाएर लागू गर्ने विषयमा चासो नदिएको अध्यक्ष प्रसाईले बताए ।

परिषद्का केन्द्रीय उपाध्यक्ष रामबाबु नेपालले पूर्वराष्ट्रसेवकसँग भएको अनुभव, ज्ञान, सीपलाई राज्यले पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न सकेको खण्डमा समृद्ध समाजको निर्माण हुनसक्ने बताए । परिषद्का केन्द्रीय महासचिव गोबिन्दमणि भुर्तेलले हाल मुलुकमा ८८ हजार भन्दा बढी पूर्वकर्मचारी पेन्सनमा बसिरहेको र तीमध्ये अधिकांशसँग भएका अनुभवलाई राज्यले पहिचान गरी मुलुकको हितका निम्ति परिचालन गर्नुपर्ने बताए । हेटौंडाका सेवानिबृत्त शिक्षक ह्यग्रीब आचार्यले कार्यक्रममा सहजीकरण गरेका थिए ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले राष्ट्रसेवक कर्मचारीलाई हेर्ने आम सर्वसाधारणको नजर नकारात्मक बन्दै गएकोमा चिन्ता ब्यक्त गर्दै सेवानिबृत्त कर्मचारीमा भएको सीप, अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नसकेको खण्डमा कर्मचारी संयन्त्रमा थप सुधार आउने बताइन् । राष्ट्रसेवकले तीन दसक भन्दा बढी समय सेवारत रहेको अवस्थामा हासिल गरेको अनुभव र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने मेकानिजम बनाएर सहकार्य गर्न आफूहरु तयार रहेको उनको धारणा थियो ।

कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नबीन सिग्देलले सेवानिबृत्त कर्मचारी सामाजिक कार्यमा अग्रसर हुन जरुरी रहेको बताए । वडाअध्यक्ष सिग्देलले भने- 'सेवानिबृत्त भएपछि आफ्नो दैनिकीलाई अझै क्रियाशील बनाएर लामो समयसम्म हासिल गरेको अनुभव र सीपलाई समाजमा लगाउन हामी सहकार्य गर्न तयार छौं' । परिषद्का प्रदेश उपाध्यक्ष श्यामप्रसाद सुबेदी, नेपाल जनप्रशासन संघका अध्यक्ष एबम् कर्मचारी संचयकोष हेटौंडाका प्रमुख डा. दिलिपराज पौडेल, परिषद्का चितवन शाखाअध्यक्ष शोभाकान्त कँडेललगायतले आफ्ना धारणा राखेका थिए ।

# कृषि उत्पादन वृद्धिका लागि माटो परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/थाहा नगरपालिकामा माटोको गुणस्तर सुधार र कृषिउत्पादन वृद्धिका लागि माटो परीक्षण गरिएको छ । कृषि विकास शाखा थाहा नगरपालिका र माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौंडाको प्राविधिक सहयोगमा माटो परीक्षण कार्यक्रम भएको हो ।

आर्थिक वर्ष २०८२/८२को वार्षिक स्वीकृत कार्यक्रमअनुरुप थाहा नगरपालिकाभित्र रहेका १ देखि १२ नम्बर वडाबाट संकलित ३ सय ३७ वटा माटोको नमूना परीक्षण गरिएको कृषि विकास शाखा थाहाका अधिकृत सन्जय तिवारीले जानकारी दिए । तिवारीका अनुसार थाहा नगरपालिकाको खेतबारीको माटोमा प्रांगारिकपदार्थ र नाइट्रोजनको मात्रा कमि पाइएको छ । माटोको पिएच ४ देखि ८.४ सम्म पाइएको छ जबकी माटोमा पिएचको मात्रा ६.५ देखि ७.५ सम्म उपयुक्त मानिन्छ ।

रिपोर्टले थाहानगरको माटोमा फस्फोरस र पोटासको मात्रा पनि प्रयोगशालाको रिपोर्टले देखाएको छ । कार्यक्रम मार्फत माटोको पोषण तत्व, आवश्यक मलको मात्रा परीक्षण गरिएको थियो । माटो परीक्षणको निम्ति माटो तथा मल परीक्षण प्रयोगशाला हेटौंडाका प्रमुख डाक्टर जनार्दन खड्का सहितको प्राविधिक टोली खटिएका थिए । माटो परीक्षण कार्यक्रमबाट किसानले खेतीयोग्य जमिनको उपयुक्तता थाहा पाउने र आवश्यक मल तथा सुधारात्मक उपाय अवलम्बन गर्न सक्ने विश्वास लिइएको छ ।

नगर कृषि शाखाका अनुसार आगामी दिनमा यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाइने योजना रहेको छ ।

परीक्षणको लागि वडा नं. १ बाट १४, वडा नं. २ बाट ७६, वडा नं. ३ बाट २८, वडा नं. ४ बाट १८ ,वडा नं. ५ बाट २५, वडा नं. ६ बाट २५ किसानको खेतबारीको माटो परीक्षण गरिएको थियो । त्यसैगरी वडा नं. ७ का २७, वडा नं. ८ को २४ र वडा नं. ९ को १५ किसानको माटो परीक्षण गरिएकोमा वडा नं. १० को २५, वडा नं. ११ को ३८ र वडा नं. १२ को १२ किसानको खेतबारीको माटो परीक्षण गरिएको कृषि शाखाप्रमुख तिवारीले जानकारी दिए ।

# स्वास्थ्यमन्त्री थापाद्वारा बकुलहर र आयुर्वेद अस्पतालमा छड्के



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले चितवनको बकुलहर रत्ननगर अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको छड्के अनुगमन गरेका छन् ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतम र चिकित्सा महाशाखाप्रमुख डा. खगेश्वर गेलाल सहित अस्पताल पुगेका मन्त्री थापाले बकुलहर रत्ननगर अस्पतालको आकस्मिक अनुगमन गरेका हुन् । शुक्रबार अनुगमनका क्रममा अस्पतालको सेवाप्रवाह, उपलब्ध स्रोत-साधन तथा संरचनाको अवस्थाबारे जानकारी लिइएको थियो ।

अनुगमनपछि मन्त्री किरण थापाले अस्पतालले आफ्नो क्षमता भन्दा बढी बिरामीको चाप भएपनि सेवा दिइरहेको बताए । उनले भने, 'हामी सेवाका क्रममा कुनै कन्जुस्याइँ गर्दैनौं । प्राथमिकता अनुसार बजेट समावेश गरेर अस्पताललाई थप सहयोग गर्नेछौं ।' स्वास्थ्य मन्त्रालयले अस्पतालका समस्या समाधानका लागि मार्गनिर्देश गर्ने, आवश्यक आर्थिक तथा भौतिक सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाए ।

उनले डाक्टर तथा स्वास्थ्यकर्मीले एप्रोन र परिचयपत्र अनिवार्यरुपमा लगाउन निर्देशन दिँदै अस्पताल व्यवस्थापनलाई यसमा थप ध्यान दिन आग्रह गरे । मन्त्री थापाले अनुगमनलाई नियमित बनाउने र सेवा बिस्तारलाई आवश्यक अध्ययनपछि मात्रै अघि बढाउने बताए । बकुलहर रत्ननगर अस्पतालमा ग्रामीण भेगका सेवाग्राहीको चाप बढी रहेको भन्दै, मन्त्री थापाले सेवाको गुणस्तर कम हुन नदिने प्रतिबद्धता जनाए । अस्पताल व्यवस्थापनलाई बिरामीको सुविधाका लागि प्रभावकारी योजना बनाउन निर्देशन दिए ।

मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले अनुगमनपछि अस्पतालको सेवामा केही सुधार देखिएको भन्दै सन्तोष व्यक्त गरिन् । उनले भने, 'केही समयअघिको तुलनामा अहिले सेवा विस्तार भएको देखिन्छ, जुन सकारात्मक पक्ष हो । तर, अझै सुधार आवश्यक छ ।' प्रदेश सरकारको ध्यान स्वास्थ्यसेवा सुदृढीकरणमा रहेकाले आगामी दिनमा अस्पतालको सेवाप्रवाह थप गुणस्तरीय बनाउने उनले बताइन् । अनुगमनटोलीले अस्पताल भवनको निर्माणकार्य समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई ताकेता गर्ने मन्त्रालयले जनाएको छ ।

आँखासम्बन्धी सेवामा सुधार गर्दै अन्य आँखा अस्पतालसँग समन्वय गरी १३ वटा अस्पतालमा सेवा विस्तार गर्ने योजना बनाइने जनाइएको छ । चिकित्सा महाशाखा प्रमुख गेलालले 'टीमवर्क' गरेर सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन सुझाव दिएका छन् । अस्पताल व्यबस्थापन समितिका अध्यक्ष गोपाल कर्माचार्य र मेडिकल सुपरिटेन्डेन्ट डा. मदन ज्ञवालीले मन्त्रालयको सुझाव र निर्देशन अनुसार सेवाबिस्तार सुधार गर्ने बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७–५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# जब पृथ्वीमा फर्किरहेको अन्तरिक्षयान केही मिनेट सम्पर्कविहीन हुन्छ...



अन्तरीक्षयात्री सुनिता विलियम्स, बुच विल्मोर, निक हेग तथा रुसी अन्तरिक्षयात्री एलेक्जेन्डर गोर्बुनोभ बुधबार स्पेस एक्सको ड्र्यागन अन्तरीक्षयानमा चढेर पृथ्वीमा फर्किरहेका थिए । जब पूरै संसारले उनीहरुको पृथ्वीमा सुरक्षित अवतरणको लागि पर्खिरहेको थियो, त्यहीँ बेला बिहान करीब साडे ३ बजे (नेपाली समय अनुसार) उक्त अन्तरीक्षयानको पृथ्वीसँगको सम्पर्क पूर्णरुपमा विच्छेद भयो । त्यसबेला अन्तरीक्षयान करीब २७ हजार किलोमिटर प्रतिघण्टाको गतिमा पृथ्वीतर्फ आइरहेको थियो ।

अन्तरीक्षयानको चारैतर्फ तापक्रम करीब १९२७ डिग्री सेल्सियस थियो । ६ देखि ७ मिनेटसम्म उक्त अन्तरीक्षयानमा के भयो र त्यो कहाँ थियो भन्ने कुरा नासाको नियन्तण कक्षमा केहीपनि जानकारी आएन । तर त्यसको ५ मिनेटपछि नासाको डब्ल्यू बी ५७ सर्भिलान्स विमानका क्यामेराले पृथ्वीतर्फ आउँदै गरेको ड्र्यागन अन्तरीक्षयानका तस्वीर कैद गर्यो । तबमात्रै नासाको नियन्त्रण कक्षमा बसेका व्यक्तिहरुले राहतको स्वास फेरे । त्यसको केही मिनेटमै अन्तरीक्षयानसँग सम्पर्क स्थापित भयो । वास्तवमा पृथ्वीतर्फ अघि बढिरहेको हरेक अन्तरीक्षयान पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ने खतरनाक प्रक्रियाका बेला नियन्त्रण कक्षबाट के मिनेटका लागि सम्पर्क विच्छेद हुन्छ । उक्त छोटो समयलाई ब्लाक आउट टाइम भनिन्छ । यद्यपि यो एक सामान्य कुरा हो, तथापि भयानक अन्तरीक्ष दुर्घटनाहरु त्यहीँ छोटो समयभित्रै भएका छन् ।

यस्तो दुर्घटना हुनुको खास कारण के हो भने त्यो सम्पर्कवीहिन समयमा यदि अन्तरीक्षयानमा कुनै खराबी आएमा नियन्त्रण कक्षमा रहेका विशेषज्ञ टोलीले अन्तरीक्षयात्रीलाई मार्गनिर्देश गर्न पउँदैनन् । साथै अन्तरीक्षयात्रीहरुले पृथ्वीमा रहेका कुनै टिमलाई आपतकालीन सूचना पनि पठाउन सक्दैनन् । यसको एउटा दुखद उदाहरण सन् २००३ मा कोलम्बिया अन्तरीक्षयान दुर्घटना हो । त्यसमा नासाका सातजना अन्तरीक्षयात्रीहरु सवार थिए र ती मध्ये एकजना भारतीय मूलकी कल्पना चावला पनि थिइन् । त्यस दुर्घटनामा ती सबै जनाको मृत्यु भयो ।

**रेडियो ब्लाकआउट के हो ?**

आखिर किन कुनै अन्तरीक्षयानले पृथ्वीमा फर्किंदा ब्लाकआउट टाइम या रेडियो ब्लाकआउट जस्ता घटनाको सामना गर्नुपर्छ त ? वैज्ञानिकका अनुसार वायुमण्डलमा पुन: प्रवेशका बेला अन्तरीक्षयानको अत्यधिक गति तथा वायुकणसँगको घर्षणका कारण १९०० देखि २००० डिग्री सेल्सियस सम्मको अधिक तापमानको सामना गर्नु पर्दछ । १००० डिग्री सेल्सियस भन्दा अधिक तापमानका कारण अन्तरीक्षयानको चारैतर्फ प्लाज्माको निर्माण हुन्छ । उदाहरणका रुपमा त्यस्तो प्लाज्मा आकाशमा देखिने बिजुलीमा रहेको हुन्छ । त्यहीँ प्लाज्मा आवरणका कारणले पृथ्वी तथा अन्तरीक्षयानबीचको रेडियो संचार सम्पर्क विच्छेद हुन्छ । त्यो प्लाज्माले अन्तरीक्षयानको चारैतर्फ एउटा आवरण (शिल्ड) बनाउँछ । हाम्रो दूरसन्चार प्रणाली विद्युत चुम्बकीय तरंगमा निर्भर हुन्छ । सोही कारण त्यस्तो शिल्डले गर्दा विद्युत चुम्बकीय तरंगको सन्चार ठप्प हुन्छ । त्यसबाट पृथ्वी र अन्तरीक्षयान बीचको सम्पर्क टुट्दछ ।

नासाका अनुसार यहीँ प्रक्रियाका कारणले गर्दा अन्तरीक्षयान पृथ्वीको निकट आउने समय आगोको गोला जस्तै देखिन्छ । त्यो ब्लाकआउट टाइमको बेला अन्तरीक्षयानभित्र के भैरहेको छ भन्ने कुरा थाहा पाउन असम्भव हुन्छ । शक्तिशाली दूरविनबाट हेर्दा पनि त्यो केवल एउटा सेतो वा निलो बल पृथ्वीतर्फ आइरहेको जस्तो मात्रै देखिन्छ । अन्तरीक्षयानको प्यारासुटको पहिलो सेट तैनाथ नगरुन्जेलसम्म त्यो प्लाज्माको आवरण कायमै रहन्छ । त्यो शिल्ड हटेपछि बल्ल यानसँग पृथ्वीमा सम्पर्क स्थापित हुन्छ । वैज्ञानिकका अनुसार अन्तरीक्षयात्राको इतिहासमा वायुमण्डलमा पुन: प्रवेशका बेला त्यहीँ केही मिनेटभित्रैमा दुर्घटनाहरु भएका छन् ।

**ब्लाकआउट टाइमका दुर्घटनाहरू**

सन् २००३ को फेब्रुअरी १ मा कोलम्बियान अन्तरीक्षयान अन्तरीक्षमा १६ दिन बिताएर पृथ्वीमा फर्किरहेको थियो । पाँचजना पुरुष र २ जना महिला सहित नासाका ७ सदस्यीय अन्तरीक्षयात्रीको टिम त्यसमा यात्रा गरिरहेको थियो । सन् २००३ को जनवरी १६ मा उक्त अन्तरीक्षयान पृथ्वीबाट प्रक्षेपण गर्दा नै फोम इन्सुलेसनको एउटा टुक्रा उसको बाहिरी इन्धन ट्यांकबाट छुट्टिएर अन्तरीक्षयानको बायाँ भागमा खसेको थियो । त्यसबाट केही ताप प्रतिरोधी टायलमा क्षति पुगेको थियो । विज्ञका अनुसार कोलम्बिया शटल जस्ता पुन: प्रयोग गरिने अन्तरीक्षयानमा टायलको रुपमा ताप प्रतिरोधी प्रणाली थिए । अर्थात् त्यो अन्तरीक्षयानमा विशेष टायल लगाइन्थ्यो ,जसले अत्यधिक गर्मी पनि थेग्न सक्दथे ।

रुसको सोयुज जस्ता पुन: प्रयोग गरिने अन्तरीक्षयानमा पनि पूर्ण ताप प्रतिरोधी प्रणाली रहेको हुन्छ । तर प्रक्षेपणका क्रममै कोलम्बिया अन्तरीक्षयानको सोही ताप प्रतिरोधी प्रणालीमा असर पुगेको थियो । फेब्रुअरी १ मा जब कोलम्बिया अन्तरीक्षयान पृथ्वीको वायुमण्डलमा प्रवेश गर्यो, त्यसको चारैतर्फ बनेको प्लाज्मा शिल्ड तथा अत्यधिक तापमानले कल्पना चावला सहितका सातजना अन्तरीक्षयात्रीको ज्यान लियो । नासाका अनुसार वायुमण्डलको अत्यधिक तातो ग्यास कोलम्बिया अन्तरीक्षयानको बायाँ पखेटाको एउटा छिद्रबाट यानमा प्रवेश गर्यो । जसका कारणले अन्तरीक्षयान अस्थीर भएर टुट्यो । नासाको रिपोर्ट अनुसार रेडियो ब्लाकआउटको ४१ सेकेण्डभित्रै कोलम्बिया अन्तरीक्षयान भित्र रहेका अन्तरीक्षयात्रीलाई उक्त यान नियन्त्रण बाहिर गएको आभास भयो । उनीहरुले आपतकालीन उपायहरु अपनाए । तर यानलाई नियन्त्रणमा राख्न असफल भए ।

**रेडियो ब्लाकआउट कम गर्ने नासाको प्रयास**

एउटा अर्को उदाहरण रुसी सोयूज ११ अन्तरीक्षयानको छ । त्यो यान सन् १९७१ मा तीनजना अन्तरीक्षयात्रीलाई लिएर पृथ्वीमा फर्किरहेको थियो । वायुमण्डलीय पुन: प्रवेशका क्रममा केही मिनेटका लागि पृथ्वीसँग त्यसको सम्पर्क विच्छेद भयो । त्यसपछि त्यसको प्यारासुट खोलियो र यान सफलतापूर्वक पृथ्वीमा अवतरण भयो । तर जब उद्दार टोलीले सोयूज अन्तरीक्षयानको ढोका खोले, तब स्तब्ध भए । किनकि यानभित्र रहेका तिनैजना अन्तरीक्षयात्रीको मृत्यु भैसकेको थियो । अन्तरीक्षयानको क्याबिनमा वायु चापको कमीका कारण ती रुसी अन्तरीक्षयात्रीको मृत्यु भएको अनुसन्धानले देखायो ।

वास्तवमा रेडियो ब्लाकआउटका कारण उनीहरुले नियन्त्रण केन्द्रबाट कुनैपनि निर्देशन प्राप्त गर्न सकिरहेका थिएनन् जसका कारण यानभित्र प्राविधिक गडबडी उत्पन्न भयो र वायुको चाप तल झर्‍यो । यसैबीच नासाले बलियो तथा आधुनिक तापप्रतिरोधी शिटसँगै प्लाज्मा आवरणको प्रभावलाई कम गर्ने प्रयास गरिरहेको छ । वास्तवमा रेडियो ब्लाकआउटको अवधि अन्तरीक्षयानको गतिको आधारमा भिन्न हुनसक्छ । साथै अधिक गतिबाट तापमान पनि अधिक हुनसक्छ । यसको अर्थ अधिक गति, अधिक गर्मी अनि अधिक ब्लाकआउट टाइम । त्यसैले अन्तरीक्षयानको ताप प्रतिरोधी कवचलाई सोही अनुसार डिजाइन गर्नु पर्दछ । उदाहरणका लागि नासाको ओरियन अन्तरीक्षयानले आफ्ना चालक दललाई वायुमण्डलीय पुन: प्रवेशको तापक्रमबाट बँचाउनका लागि ताप प्रतिरोधी प्रणाली एभकोट टायल्सको प्रयोग गर्दछ । ती विशेष टायलले २७६० डिग्री सेल्सियससम्म तापमान सहन सक्दछन् । वैज्ञानिकका अनुसार रेडियो ब्लाकआउट अन्तरीक्षयात्रामा सबैभन्दा चुनौतिपूर्ण परिघटना मध्ये एक हो । नासा तथा स्पेस एक्स जस्ता कम्पनीहरुले त्यहीँ केही मिनेटलाई पनि अझै कम गर्ने प्रयास गरिरहेका छन्। तर यसमा खासै प्रगति हुन सकेको छैन ।

**स्वास्थ्य शिक्षा**

# महिनावारीमा देखिने यस्ता लक्षण 'ब्लड क्यान्सर' को सङ्केत



कहिले काहीँ सामान्य देखिने लक्षणहरूलाई बेवास्ता गर्दा गम्भीर समस्या आइपर्न सक्छ । जसकारण ज्यान समेत जान सक्छ । विशेष गरी, महिनावारीको समयमा देखिने हरेक लक्षणहरूलाई ध्यान दिन आवश्यक भएको चिकित्सकहरू बताउँछन् ।

डेलीमेलका अनुसार बेलायतमा बस्दै आएकी १९ वर्षीया किशोरी क्याथरीन होक्सलाई 'हेबी पीरियड्स' को समस्या थियो । क्याथरीन आमाबुबासँग अलग बसेर पढाइ गरिरहेकी थिइन् । एक दिन क्याथरीनलाई अत्यधिक थकाइ लाग्यो । र उनी अचानक बेहोस भइन् । त्यसपछि उनले हेबी पीरियड्सको बारेमा डाक्टरलाई बताउने निर्णय गरिन् । त्यसपछि डाक्टरले उनलाई ब्लड क्यान्सर भएको बताए । डाक्टरले केही हप्ता मात्रै ढिलो भएको भए उनको ज्यान समेत जान सक्थ्यो । क्याथरीनको हेबी पीरियड्स एक्युट प्रोमायलोसाइटिक ल्यूकेमिया ९० को लक्षण थियो । जुन तीव्र रूपमा ब्लड क्यान्सरमा परिवर्तन भयो । पहिले क्याथरीनले जनरल फिजिशियनलाई नियमित जाँचका लागि रगत परीक्षण गर्न दिइन् तर उनलाई तुरुन्तै हस्पिटल भर्ना हुनुपर्ने भन्दै अस्पतालबाट फोन आयो ।

डाक्टरले उनलाई ल्युकेमिया भएकाले तुरुन्तै उपचार सुरु गर्नुपर्ने बताए । यस्तो समयमा बोन म्यारोले धेरै अपरिपक्क सेतो रक्त कोशिकाहरु बनाउन थाल्छ । जसकारण शरीरका अन्य अङ्गहरूमा भएका कोशिकाहरूका लागि पर्याप्त ठाउँ हुँदैन । जसको कारण शरीरमा यसको कमी हुन थाल्छ । रातो रक्त कोशिकाहरूले शरीरमा अङ्गहरूमा अक्सिजन फैलाउने काम गर्छ । यस्ता कोशिकाहरूको कमी हुँदा सास फेर्न मुस्किल हुन्छ । शरीरमा पीडा हुने र सुस्तता आउँछ । यो प्लेटलेट्सको कमी भएको सङ्केत पनि हुन सक्छ । डाक्टरका अनुसार थकान र छालासँग जोडिएका समस्याहरू र हेबी पीरियड पनि एपिएलको लक्षण हो । नाक र गिजाबाट रगत आउनुका साथै महिनावारीको समयमा अचानक परिवर्तन आउनु चेतावनीको सङ्केत हुनसक्ने चिकित्सकहरू बताउँछन् ।

चिकित्सकहरुले महिलाहरुले महिनावारीलाई बेवास्ता गर्न नहुने बताउँछन् । क्याथरीनका अनुसार उनले सुरुवाती दिनहरूमा हेबी पीरियड्समा ध्यान दिएकी थिइनन् । एक दिन ध्यान दिँदा उनको हात र गोडामा रगत जमेको दागहरू थिए । साथै छालाको रङमा पनि परिवर्तन आएको थियो । महिनावारीको समयमा उनी बेहोस हुन थालेकी थिइन् । उनले सुरुमा शरीरमा रगतको कमी भएको हुनसक्ने अनुमान गरिन् तर उनलाई गम्भीर समस्याले छोइसकेको थियो ।

डाक्टरका अनुसार क्याथरिनको शरीरमा सेतो रक्तकोशिकाहरुको १८६ पुगिसकेको थियो । जुन स्वस्थ व्यक्तिको शरीरमा १० हुन आवश्यक छ । उनको किमोथेरापी सुरु भयो । उनी ८ दिनसम्म कोमामा रहिन् । उनको कपाल झर्न सुरु भएको थियो । उनले नियमित रूपमा किमोथेरापी गराइन् । ५ महिनासम्मको उपचार पछि उनको उपचार सफल भयो । त्यसैले शरीरमा देखिने लक्षणहरूलाई सामान्य रूपमा नलिई समयमा नै डाक्टरको सल्लाह लिँदा ज्यान नै जानसक्ने समस्याबाट पनि बच्न सकिन्छ ।

**साहित्य**

कथा

# भूमिगत बनेको कलम



विमल लामिछाने

त्यो बेला गाउँमा पत्रिका पढ्न पाईदैनथ्यो । कुनै कुनै एफएम लामो तार वा एन्टेना जडान गरेपछि मधुरो टिप्थ्यो । गाउँमा एउटा एउटा घरमा मात्रै टेलिभिजनमा समाचार हेर्न सकिन्थ्यो त्यो पनि ब्याट्रीको चार्ज नसकिँदासम्म । ब्ल्याक एण्ड ह्वाइट टेलिभिजनको पर्दामा दिनभरका घटनाक्रम, देश तथा विदेशबाट संकलित समाचार पढ्दै पाना पल्टाउँदै राख्दै गरेको हेदा अचम्म लाग्थ्यो । पर्दामा चटक्क सजिएर देखा परेका एङ्कर, स्क्रिनमा एकपछि अर्को गर्दै फुत्त फुत्त आइरहने स्क्रोलहरु, एङ्करले जुन पातो उचालेर पढ्यो त्यही अनुसार मिलेको भिडियो क्लिप । विच विचमा विज्ञापन अनि फेरि समाचारका क्लिप, पत्रकारले कसरी मिलाउँदा हुन् यी हरफ र टोन स्लेबलहरु ? कसरी मिलेको होला पढाइको सैलीमा भिडियोका क्लिप र फोटाहरु ? विनयको किसोर अवस्थाको मानसपटलमा यी र यस्तै प्रश्नहरु मडारिरहन्थे ।

देशभर छरिएका समाचार संकलन गरेर रेडियो र टेलिभिजनमा फरर पढेको न्यूज टोन र दृष्यात्मक ट्यूनको आकर्षणले विनयलाई सानैबाट पत्रकार बन्ने भोक जागेको थियो । पत्रकारिताको हुटहुटी मेट्न भित्ते पत्रिका निकालेर विद्यालय परिषरमा बकाइनो र पयूँका रुखमा बोर्ड टाँसेर साहित्यिक भित्ते पत्रिका प्रकाशन गर्दा ठूलै काम गरेको अनुभूति हुन्थ्यो । विभिन्न कोलममा कतै कविता, कतै छोटा कथाहरु, कतै गाउँघरमा अलि ठूलो मुल्यमा भैसी, गोरु र खसी विकेका समाचार, वीउ आलु र दुधालु गाईका टुक्रे कथा, कोदो र अलैंचीले भाउ पाएका समाचार पनि मिलाएर भित्तेपत्रिकामा सिमीका पात निचोरेर तयार पारेको हरियो मसीमा कुचोका डाँठ, बाँसका टुप्पी र परेवाका प्वाँखले लेखेर पनि समाचार तयार गरेको अनुभूति विनयसँग ताजा छ ।

एक्काइसौ सताब्दी निकट पत्रकारिताको समयमा बलपेन नभएको भने होइन तर वाँस र कुचोका डाँठ कपेर बनाइएका पोतो र कुचीहरुले नै भित्तेपत्रिकामा अक्षरको आकर्षण थप्दथ्यो । मसीमा चोबेर बाँसका टुक्राले लेखेका अक्षरहरु आकर्षक र चटक्क मिलेका हुन्थे । ड्रोइङ पेपरमा समाचार र कविताका हेडिङ राम्रा अक्षरमा घुमाएर लेख्ने कलाको अभ्यासले विनयलाई परापूर्वकालमा चराको प्वाँख र हरियो सिमीका पात निचोरेर बनाइएको मसीलाई लेख्रुने साधन बनाइएको थियो भन्ने भनाई पनि अभ्यासको नौलो श्रृखला हुनसकेन । यस्तै प्राकृतिक कुचीहरुको सहयतामा गाउँका विद्यालयका वालहरुमा महानवाणी र कोटेसनहरु पनि लेखिएका हुन्थे । चराका प्याँखले घुमाएर लेखेका अक्षरहरु अझ आकर्षक र इटालिक स्टायलका हुन्थे, हेर्दै कति मज्जा र आनन्द आउँने ।

विभिन्रुन रंगका वनस्पतिका फूल या पातहरूलाई पिसेर आएको रंगलाई मसिदानीमा जम्मा गर्दै बाँसको तिखो टुप्पोलाई मसीमा चोप्दै लेख्दै गर्दा बनेका अक्षरका आकृति र चित्रहरुको आकर्षक र अग्रजहरुले गरेको बर्णनले पनि विनयलाई प्रकाशनतर्फ उत्साहित गरेकै थियो ।

विनयको भित्ते पत्रकारिताले लय लिँदै गएको थियो । छायाँमा पारिएका बस्तीहरुमा जागरण ल्याउँदै थियो, खेताला गोठालाहरु खेतीबाट फर्किंदा भारी विसाएर पसीना ओभाउँन्जेल विश्राम गरेर खेतीका कथा पड्थे । भरीयाहरु भारी विसाएर भरीयाकै कथा पड्थे, विद्यार्थीहरु स्कूल सकेर कविता र गाउँका समाचार पढ्थे । गाउँभरीका समाचारको संगालो थियो त्यो । त्यो असत्यहरुको उजागर थियो, सूचनाविहिनहरुको सारथी थियो, आवाजविहिनहरुको आवाज थियो, विचार विहिनहरुको दस्तावेज थियो, दविएकाहरुको भावना पोख्ने स्पेस थियो ।

समयको गतिसँगै प्रविधिको तिव्रतम विकास रोकिने कुरै परिकल्पना बाहिरको कुरा हो । कम्प्युटरको जमानामा पनि कम्प्युटरको सजिला र अप्ठयारा कथा छुट्टै होलान् तर कलम र पत्रकारिताको परिचय कहिल्यै मेटिँदैन, कलम र पत्रकारितालाई विभाजित गरेर छुट्टै कित्तामा राखेर अध्यायको पूर्णता खोजियो भने त्यो मुर्खता हुनसक्छ । यसरी पत्रकारिताको जीवनको अध्याय पूरा हुँदैन, विनयलाई यस्तै लाग्थ्यो । कम्प्युटर लाई मात्रै प्राथमिकतामा राखेर आवरण र साजसज्जामा होइन, गुदीमा के छ त्यो महत्वको रहन्छ भन्दै गर्दा पनि बाहिरी रूपसज्जा, परिधान र नाम विशेषले पनि मर्यादाको अर्थ राख्दो रहेछ भन्ने उदाहरण पनि धेरै छन् । विनयको यो तर्क केही मानिसलाई मन पर्न छोडेको थियो ।

कुरा २०५६ तिरको हो । गाउँमा राती हिड्नेहरुको दोहोरी जस्तै भइसकेको थियो । राजनीति रंग देखिएको भन्ने आरोपमा कलममाथि पनि निगरानी बढाइएको थियो । तर विनयको कलम हत्तपत्त लर्वराएको थिएन । 'कलम स्वतन्त्र हुनुपर्छ, कलमलाई बन्दुकले छेक्न मिल्दैन' शिर्षकमा सम्पादकीय लेखेकै निहुँमा विनय एकाएक ब्लाक लिष्टमा परेको खवर आयो । ब्ल्याक लिष्टमा परेपछि विनयको कलम जोखिममा पर्दै गएको हल्लाले एकान दोकान मैदान बन्दै गयो । कसले कतिबेला मृत्युवरण गर्छ, हेक्का र हिसाव नहुने समयमा सचेतना चलाउने अभिलाशा र त्यहाँभित्रपनि विचारमुलक खुला पत्रकारितामा रम्न खोज्ने विनयको ग्रामिण पत्रकारिताको यात्रामा ब्रेक लाग्गो ।

विनयको स्वतन्त्र पत्रकारिताको कलमी यात्रा एकाएक भूमिगत हुनपुग्यो । विनयको कलम भूमिगत हुँदा धेरैलाई चित्त बुझेको भने थिएन । कयौ रातहरु छिप्पिएर दिन बन्दै गए त कयौ दिनहरु खस्किएर रात बन्दै गए । विनय भूमिगत होलटाइमर पत्रकारको लिष्टमा परिणत हुन पुग्यो । गाउँमा कलमको खोजी गर्ने समकालिनहरु थुप्रै थिए तर हँ हँ कसैले विनयको कलम भेटेको खबर ल्याउन सकेनन्, अलिपछि गाउँमा एकाएक हल्ला चलाईयो 'विनय भूमिगत भए, विनयको कलम पनि भूमिगत भयो ।' जीवनका उकाली र ओरालीसँगै पौठेजोरी खेल्दै दिनहरु वित्तै गए, कम्प्युटरको किवोर्ड र इन्टरनेटको हाइटेकको जमानामा पुगिसकेको पत्रकारिताको युगलाई सदुपयोग गर्ने उत्साह विनयकालागि निकै ठूलो चुनौती थियो । मृत्यु कि मुक्ती ? जीवन दोसाँध थियो । सहिद कि बेपत्ता प्रश्न गम्भिर थियो । गाउँले अझै खोजीरहेछ तर विनय अझै फर्किएको छैन ।

# वरपरको जगत नै मेरो दुश्मन

अशेष अधिकारी

मेरो वरपर घर छ, सहर छ, चिहान छ,
रात र बिहान छ ।
ती कुरामा टाँसिएको म,
ती कुरा मै अल्झिरहन्छु ।
मेरो क्षमता महान छ,
तर क्षमता देखाउने ठाउँ बेकार छ ।
मलाई मेरो वरपरको जगतले
आफू तर्फ तानी रहन्छ,
म हेरिरहन्छु यीनीहरूको फुर्ती,
म जाँचिरहन्छु यसैको क्षतिपूर्ति ।

मेरो आँखामा विश्वास छ, क्रान्ति छ, पौरख छ,
घाम र पानी छ ।
ती कुरालाई मालिक सम्झने म,
ती कुरा मै टाँसिरहन्छु ।
मेरो चाल अकल्पनीय छ,
तर चाल चल्ने मैदान भत्किएको छ ।
मलाई शान्ति खोज्दा खेरी
वरपरले अशान्ति मच्चाउँछ,
म नापी रहन्छु यीनीहरूको प्रभाव,
म थेगी रहन्छु यसैको घुमाउरो जवाफ ।

मेरो बुद्धिमा संसार छ, भुल छ, पछताप छ,
भौतिक जगतको आलस्य छ ।
ती कुरालाई म हुँ भन्ने म,
ती कुरालाई भगवान सम्झन्छु ।
मेरो स्वभाव अस्थिर छ,
तर मेरो वास्तविक स्वरूप स्थिर छ ।
मलाई छुट्टिन खोज्दा खेरी
सबै वस्तुले चुट्टिन दिँदैनन्,
म गाइ रहन्छु दुनियाँको गीत,
म लगाइ रहन्छु संसारसँग मीत ।

मेरो कार्यमा सुस्तता छ, समय छ, विसंगति छ,
गाली र ताली छ ।
ती कुराको पछि नलागौं भन्ने म,
ती कुरालाई नै बाँच्ने आधार बनाइरहेछु ।
मेरो नाम म जस्तो छैन,
अझै भनौं भने मेरो कर्म पनि म जस्तो छैन ।
मलाई आफ्नो दुनियाँमा रमाउँ भने खेरी,
रमाइलो आफैं सुइँकुच्चा ठोक्छ,
म गरिरहन्छु निस्कर्षविहीन कुरा,
म बनाई रहन्छु जीवनभर लक्ष्य अधुरा ।

मेरो विचारमा दाग छ, अस्थिरता छ, कम्पन छ,
ध्वनीमा कठोरता र कर्कश छ ।
तिनीहरूलाई नसुनौं भन्ने म,
तिनै कुरालाई सुन्दै मनोरञ्जन गरिरहन्छु ।
मेरो सफलता कुनै कामको छैन,
अझ भनौं भने मेरो सफलता अस्थायी छ ।
म आफू भित्रै डुबौं भने खेरी,
डुब्ने विषय आफैं टाढा बन्न जान्छ,
म मरिरहन्छु हर पल हर क्षण,
म देखिरहन्छु हर ग्रह हर कण ।

# सवाल उठाउँछु म



विधि गोर्खाली
कक्षा-६, नवोदय शिशु सदन

प्रश्नले सत्य खोज्छ
अन्धकारभित्र उज्यालो भर्छ
तर, यो समाज किन डराउँछ ?
न्यायका कुरा किन दबाउँछ
सवाल उठाउँछु म।

जहाँ सत्यलाई लुकाइन्छ
त्यहाँ न्याय कहिले आउँछ ?
सवाल उठाउँछु म।

डराउँछ समाज प्रश्न सोध्न
चुपचाप बस्छन अन्यायलाई लुकाउन
के सवाल उठाउनु नै गलत हो र ?
के अन्त्यमा दबाउनु पर्ने नै हो मेरो स्वर ?

हत्या, हिंसा, दाइजो प्रथाको अन्त्य
कहिलेसम्म पर्खने ?
कहिलेसम्म न्यायको प्रतिक्षामा रहने ?
सवाल उठाउँछु म ।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# सरकारलाई स्वास्थ्य बीमा धान्नै मुस्किल




काठमाडौं/नेपालमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमलाई अगाडि बढाउन स्रोत जुटाउने काम निकै चुनौतीपूर्ण बनेको एक कार्यदलको प्रतिवेदनले उजागर गरेको छ । स्वास्थ्य बीमा सुधार सुझाव कार्यदलको प्रतिवेदन २०८१ का अनुसार स्वास्थ्य बीमा बोर्डले हाल संकलन गर्दै आएको प्रिमियमले बोर्डको कुल वार्षिक खर्चमा मात्र २४ प्रतिशत योगदान पुर्‍याएको छ । बोर्डलाई आवश्यक पर्ने थप ७६ प्रतिशत रकम नेपाल सरकारले अनुदानको रूपमा उपलब्ध गराउनुपर्ने प्रतिवेदनले औंल्याएको छ ।

सम्बद्ध अधिकारीहरूले लामो समयदेखि औंल्याउँदै आएको यो समस्यालाई उक्त प्रतिवेदनले थप पुष्टि गरेको हो । जानकार तथा बीमा कार्यक्रममा संलग्न अधिकारीहरूले नै स्रोतको अभावमा कार्यक्रम दिगो हुन नसक्ने चेतावनी दिँदै आएका छन् ।

कार्यदलको प्रतिवेदनले उजागार गर्दै भनेको छ, 'प्रिमियमले बोर्डको कुल वार्षिक खर्चको जम्मा २४ प्रतिशत मात्र योगदान गर्नुले प्रिमियम रकम र वास्तविक खर्चका बीचमा ठूलो खाडल रहेको देखाउँछ ।'

प्रतिवेदनका अनुसार हालकै स्वरूपमा कार्यक्रम सञ्चालन गरिरहने हो भने सन् २०२५ मा सरकारले बोर्डलाई थप ३२ अर्ब र सन् २०३० मा ६२.८ अर्ब रूपैयाँ अनुदान दिनुपर्ने अवस्था आउनेछ ।

चालु आर्थिक वर्ष सरकारले बोर्डलाई ७ अर्ब ५० करोड छुट्टाएको छ । तर यो रकम अत्यन्तै न्यून हो । स्वास्थ्य बीमा बोर्डको तथ्यांक अनुसार अझै पनि सेवा प्रदायक संस्थालाई १६ अर्बभन्दा बढी भुक्तानी गनुपर्ने अवस्था छ ।

बीमा कार्यक्रममा सहभागी हुने प्रतिपरिवार औसत प्रिमियम ३ हजार ५०० रूपैयाँ छ तर प्रतिपरिवार औसत दाबी ८ हजार ३५० रहेको देखिएको छ ।

'यसले औसत रूपमा योगदान र दाबीबीचको अन्तर २२० प्रतिशत देखाउँछ । यस्तो प्रकारको बीमा संरचनामा समयमा नै सुधार गरिनु अत्यावश्यक छ,' प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनले यस्तो प्रकारको बीमा संरचनामा तत्काल सुधार गर्नुपर्ने औंल्याइएको छ ।

'बीमितको संख्या बढ्दै गएतापनि बीमा दाबीको वृद्धि दर बीमितको संख्याको वृद्धिदर भन्दा उच्च देखिन्छ,' प्रतिवेदनमा भनिएको छ,' प्रति सदस्य औसत दाबी रकमका निरन्तर उकालो लागेको छ । यसरी बीमाको प्रिमियमबापत प्राप्त हुँदै आएको रकम र बीमाको दाबी रकमका बीचमा रहेको उच्च अन्तरले यसको पुनर्संरचना आवश्यकता रहेको संकेत गरेको छ ।'

**स्वास्थ्य बीमामा बिरामीमात्रै !**

आर्थिक वर्ष २०७१/७२ मा यो कार्यक्रम सुरु गर्दा पाँच वर्षभित्र सबै नागरिकलाई समेट्ने महत्वाकांक्षी लक्ष्य राखिएको थियो । स्वास्थ्यमा सर्वव्यापी पहुँच पुर्‍याउने, कुनै किसिमको आर्थिक कठिनाइ विना आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने र सम्पूर्ण स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता कायम गर्ने कार्यक्रमको उद्देश्य थियो ।

९ वर्षमा बल्लतल्ल ७७ जिल्लामा कार्यक्रम विस्तार भएको छ, ४८५ स्वास्थ्य संस्थाले बीमा कार्यक्रम लागु गरेका छन् । आर्थिक वर्ष असोजसम्म बीमाको दायरामा २६ लाख ८ हजार परिवार आउँदा ८३ लाख १५ हजार नागरिक मात्रै बीमामा समेटिएका छन् ।

बोर्डको पछिल्लो तथ्यांक अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा करिब १७ लाख परिवारले मात्रै बीमाको नवीकरण गरेका छन् । बोर्डको तथ्यांकअनुसार ४६ प्रतिशतले नागरिकले यो वर्ष बीमा नवीरकण गरेका छैनन् ।

कुल बीमितमध्ये झन्डै १३ लाख नागरिकको बीमा सरकारले नै गरिदिएको छ । ज्येष्ठ नागरिकले प्रिमियम रकम तिर्नु पर्दैन । अति गरीब, एचआईभी संक्रमित, कुष्ठरोगी, बहुऔषधि प्रतिरोधी क्षयरोग र अति अशक्त अपांगता भएका व्यक्तिको परिवारका लागि शतप्रतिशत र महिला स्वास्थ्य स्वयंसेविकाको परिवारलाई ५० प्रतिशत छुटको व्यवस्था छ ।

सरकारले प्रिमियम तिरेर बीमा गरिदिने संख्या पनि अधिक भएकोले स्वस्फूर्त रूपमा बीमामा आबद्ध हुने क्रम नबढेको बीमा बोर्डका निवर्तमान निर्देशक डा. सरोज शर्मा बताउँछन् । उनका अनुसार बीमामा आबद्ध हुने लक्षित वर्ग बिरामी भएर सेवा लिनुपर्ने बाध्यता भएको अवस्थामा मात्र बीमाको दायरामा आउने गरेका छन् ।

'कुनै शल्यक्रिया गर्नु परेको छ भन्ने नागरिक बीमा आबद्ध हुन्छन्, र तीनमहिनापछि बीमाबाट एक लाखसम्मको सेवा लिने गरेको छन्,' डा. शर्मा भन्छन्, 'तर यस्ता मानिस अर्को वर्षमा बीमा नवीकरण गर्दैनन् । यस्तो प्रवृत्तिले नै बीमालाई धरायासी बनाउँदै लगेको छ ।'

**किन यस्तो अवस्था आयो ?**

स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन व्यवस्थापकीय र प्रक्रियागत सुधारको आवश्यकता रहेको स्वास्थ्य सचिव डा. विकास देवकोटा बताउँछन् । स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन अहिले भइरहेको दुरूपयोग रोक्नुपर्ने उनको भनाइ छ ।

उनका अनुसार हाल स्वास्थ्य बीमा कार्यक्रम बिरामीको उपचारभन्दा पनि स्क्रिनिङका लागि बढी प्रयोग भइरहेको छ । 'अस्पतालले प्याकेज भनेर गर्ने स्वास्थ्य बीमाबाट गर्ने होलबडी चेकअपलाई रोक्नुपर्छ,' उनले जोड दिए ।

बीमा बोर्डको आन्तरिक व्यवस्थापन र ऐनको कार्यान्वयनमा पनि ध्यान दिनुपर्ने उनको सुझाव छ । 'सरकारी अस्पतालहरूको क्षमता बढाउन नसक्दा पनि स्वास्थ्य बीमा सेवाको प्रभावकारितामा प्रश्न उठेको हो । जसले गर्दा बीमाका बिरामीहरूले अपेक्षाकृत रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सकिरहेका छैनन्,' डा. देवकोटा भन्छन् ।

स्वास्थ्य बीमा कार्यक्रम सुरु भएको ९ वर्ष सरकारकै अनुदानको भरमा चलिराख्नुपरेको बीमा बोर्डका निवर्तमान निर्देशक डा. शर्मा बताउँछन् ।

'वर्षेनी बीमितको संख्या बढ्दै गइरहेको छ । यसअघि सरकारले दिँदै आएको रकमले स्वास्थ्य बीमा धान्न सक्ने अवस्था थियो । तर अब खर्च र बीमित संख्या बढ्दै जाँदा सरकारले दिँदै आएको पैसाले धान्न नसक्ने स्थिति आएको हो,' उनले भने ।

डा. शर्माका अनुसार हाल प्रत्येक महिना २ अर्ब रूपैयाँ स्वास्थ्य बीमाले भुक्तानी गर्नुपर्ने अवस्था छ । व्यवस्थापकीय समस्यातर्फ संकेत गर्दै उनले बीमा बोर्डले करारमा राखेका कर्मचारीको दायित्व स्पष्ट नपारिएको, कार्यालय भाडामा लिनुपर्दा वार्षिक २ करोड ७३ लाख रूपैयाँ भुक्तानी गर्नुपरेको र हालको प्रमुख समस्या भुक्तानीमा केन्द्रित रहेको उल्लेख गरे ।

जनशक्ति अभावका कारण पनि बीमा कार्यक्रम प्रभावित भएको डा. शर्माले बताए ।

'हामी दैनिक ५ हजार दाबी मात्रै हेर्न सक्ने अवस्थामा छौं भने ४० हजार दाबी आउने गरेको छ । यसरी दैनिक दाबी थपिँदै जाने हो भने ५ वर्षसम्म पनि दाबी हेर्न सक्ने क्षमता हालको स्वास्थ्य बीमा बोर्डसँग छैन,' उनले चुनौती उजागार गर्दै भने ।

संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयनमा समस्या रहेको पूर्व स्वास्थ्य सचिव डा. सुधा शर्मा बताउँछिन् ।

'संविधानले दिएको आधारभूत स्वास्थ्य सम्बन्धी हकको उपयोग स्वास्थ्य चौकीबाट गर्न सक्नुपर्ने हो । त्यसको जिम्मेवार निकायका रूपमा संघीय सरकार छ भने कार्यान्वयन स्थानीय सरकारले गर्दै आइरहेको छ,' शर्माले बताइन् ।

उनका अनुसार यदि आधारभूत स्वास्थ्य सेवा प्रणाली प्रभावकारी भएको भए स्वास्थ्य बीमामा रेफर गरिएका थोरै बिरामीहरूलाई मात्रै समेट्न सकिने थियो, जसले स्वास्थ्य बीमाको वित्तीय बोझ घटाउन सहयोग गर्थ्यो । डा. शर्माले स्वास्थ्य सेवा दोहोरोपनाको समस्या रहेको बताइन् ।

'आधारभूत स्वास्थ्य निःशुल्क भनिएपनि स्वास्थ्य बीमामा प्रिमियम तिरेर नागरिकले सेवा लिइरहेका छन्,' उनले भनिन् ।

स्वास्थ्य सेवाको स्तरीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिँदै उनले भनिन्, 'स्थानीय तहले सञ्चालन गरिरहेका स्वास्थ्य चौकी तथा पालिका अस्पतालमा आधारभूत स्वास्थ्य सेवा लिने बिरामी मात्रै जानुपर्छ । त्यस्ता स्वास्थ्य संस्थामा स्वास्थ्य बीमाका बिरामी जाने होइन । त्यहाँबाट रिफर गरेमा ठूलो अस्पतालमा मात्रै स्वास्थ्य बीमाबाट बिरामीको उपचार खर्च बेहोरिनुपर्छ ।'

स्वास्थ्य सचिव डा. देवकोटाका अनुसार हाल विभिन्न सरकारी तह र निकायबीच प्रिमियम तिर्ने होडबाजी रहेको छ, जसले कार्यक्रमको वास्तविक उद्देश्यलाई छायाँमा पारेको छ ।

'जताबाट गएपनि सरकारकै पैसा जान्छ । पुरानै मोडेलमा घुमिरहेको जस्तो देखिन्छ । हामीसँग पुलिङको पैसा त देखिदैन,' उनले भने ।

बीमा कार्यक्रमको प्रविधिगत पक्षमा पनि सुधारको खाँचो रहेको उनको भनाइ छ । 'हामीले डिजिटलाइज्ड गर्न सकेनौं । दाबीका लागि सामान्य प्रविधिको प्रयोग गर्न सकेका छैनौं । त्यस्तो नगरेर मान्छे खटाउँदा यस्तो समस्या देखिएको हो,' डा. देवकोटा भन्छन् ।

**अपर्याप्त प्रिमियम दर**

देशभर सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम दीर्घकालीन रूपमा प्रभावकारी बनाउन अनिवार्य सहभागिता र एकीकृत कोष व्यवस्थापनको आवश्यकता रहेको स्वास्थ्य विज्ञ तथा स्वास्थ्य बीमा सुधार सुझाव कार्यदलको प्रतिवेदनका सदस्य डा. भगवान कोइराला बताउँछन् ।

'विश्वका विभिन्न मुलुकमा देखेर र अनुभव गरेर स्वास्थ्य बीमा जरुरी छ भनेर हामीले वकालत गर्‍यौं,' डा. कोइरालाले भने, 'कार्यक्रम सुरु भएको छ र अहिलेसम्म आइपुग्दा बीमाले राम्रै गरेको छ ।'

उनका अनुसार नयाँ कार्यक्रम सुरु गर्दा समस्या आउनु स्वाभाविक भए पनि समस्याहरू समाधान गर्दै जानुपर्छ । कार्यक्रम प्रभावकारी बनाउन सबै पक्षको सहभागिता अनिवार्य रहेको उनले बताए ।

डा. कोइरालाले हाल विभिन्न निकायहरूबाट छुट्टाछुट्टै रूपमा प्रदान गरिएका स्वास्थ्य सेवा कार्यक्रमहरूलाई एकीकृत गर्दा ९५ अर्ब रूपैयाँ बराबरको कोष निर्माण हुन सक्ने तथ्यांक प्रस्तुत गरे । 'यति रकम एक ठाउँमा हुने हो भने १५ प्रतिशतले दाबी गर्ने र उनीहरूलाई ५ लाख बराबरको सुविधा दिँदा पनि पुग्ने देखिन्छ,' उनले भने ।

यसका लागि राजनीतिक नेतृत्व, राजनीतिक दल र प्रशासनिक निकायहरू एकजुट हुनुपर्ने आवश्यकता रहेको उनले औंल्याए ।

स्वास्थ्य बीमा कार्यक्रमका मुख्य चुनौतीहरू बारे प्रकाश पार्दै डा. कोइरालाले भने, 'बीमा गर्ने तर प्रिमियम नतिर्ने ७० प्रतिशतका कारण स्वास्थ्य बीमा असफलतातर्फ उन्मुख भएको हो ।'

विभिन्न सरकारी निकायहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरू पनि एकीकृत नहुँदा समस्या बढेको उनको भनाइ छ ।

'निजामती कर्मचारीले बेग्लै र आर्मी पुलिसले छुट्टै सुविधा पाउँदा स्वास्थ्य बीमा अनिवार्य हुन नसक्दा यस्तो अवस्था देखिएको हो,' उनले थपे । डा. कोइरालाले बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका लागि सरकारले छुट्टै प्रदान गरिरहेका सेवाहरूलाई स्वास्थ्य बीमामा एकीकृत गर्दा कार्यक्रम बढी प्रभावकारी हुने सुझाव दिए ।

उनले औषधि सूची परिमार्जन गर्नुपर्ने आवश्यकता पनि औंल्याए । 'स्वास्थ्य बीमाले प्रदान गर्ने औषधि सूची लामो बनाइएको छ, जसले बीमालाई बढी नै बोझ दिएको छ । बीमालाई दिगो बनाउनका लागि अत्यावश्यक औषधिहरूलाई मात्रै बीमा अन्तर्गत समावेश गरिनुपर्छ,' उनले भने ।

**सुधारका सूत्र**

स्वास्थ्य बीमालाई दीर्घकालीन रूपमा दिगो बनाउन वर्तमान प्रिमियम दर अपर्याप्त रहेको बोर्डका पूर्वनिर्देशक डा. गुणराज लोहनी बताउँछन् ।

सामाजिक स्वास्थ्य बीमाको सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासबारे प्रकाश पार्दै उनले भने, 'हामीले स्वास्थ्य बीमा सामाजिक स्वास्थ्य बीमाको सिद्धान्तमा काम गर्नका लागि ल्याएका हौं । जसको सुरुवात औपचारिक क्षेत्रबाट हुनुपर्ने बताइन्छ । संसारका कुनैपनि मुलुकमा सामाजिक स्वास्थ्य बीमाको सुरुवात अनौपचारिक क्षेत्रबाट भएको पाइँदैन ।'

'स्वास्थ्य बीमालाई दिगो बनाउनका लागि ३५ सय प्रिमियमलाई बढाउनुपर्छ । स्वास्थ्य बीमा ऐनमा औपचारिक क्षेत्र अनिवार्य समेटिनुपर्ने र आम्दानीका आधारमा प्रिमियम तोक्नुपर्ने उल्लेख छ । त्यसलाई कार्यान्वयन गर्नुपर्छ,' डा. लोहनी भन्छन् ।

डा. लोहनीले विभिन्न निकायबीच रहेको दोहोरोपना हटाउनुपर्ने आवश्यकता औंल्याए । 'सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष आदिबाट पनि त्यही काम भइरहेकाले दोहोरोपन हटाउनुपर्छ,' उनी भन्छन् ।

हालको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिन प्रिमियममा उल्लेखनीय वृद्धि गर्नुपर्ने सुझाव दिँदै उनले भने, 'अहिलेकै तरिकाले स्वास्थ्य बीमा चलाउन पनि प्रिमियम कम्तिमा ८ हजार पुर्‍याउनुपर्ने हुन्छ । त्यसमा जनताले ३५ सय तिरून्, राज्यले ४५ सय देओस् । अनि मात्रै अहिलेकै प्याकेजको बीमा चल्छ । नत्र बीमा बोर्डले पैसा कहाँबाट ल्याउने ?'

डा. देवकोटाले प्रिमियम संकलन र प्याकेज विकासका लागि पनि नयाँ रणनीति अपनाउनुपर्ने बताए ।

'प्रिमियम कलेक्सनको बाटो खुम्चिँदै गएको प्रतीत भइरहेका छ, कि त राज्यले दिएको दियै गर्नुपर्यो कि त स्रोत खोज्नुपर्छ । ३५ सय, ५ हजार, १० हजार प्याकेज दिएर ओपीडी, सर्जिकल आदि सेवा छुट्याउपर्छ,' डा. देवकोटा भन्छन् ।

बोर्डका निवर्तमान निर्देशक डा. शर्माले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन ठोस सुझावहरू पनि प्रस्तुत गरे । 'हाल ३५ सय रहेको प्रिमियम बढाउनुपर्ने हुन्छ । त्यस्तै सुर्तीजन्य पदार्थ, अल्कोहयुक्त पदार्थ, चिनी लगायतका पदार्थमा भारी कर बढाएर सिधै उक्त रकम बीमा कोषमा जम्मा हुने व्यवस्था मिलाउन पनि सकिन्छ,' उनले भने ।

यस्तो संरचना कार्यान्वयनमा ल्याउन सकेमा ८०-९० अर्ब रूपैयाँ बीमा कोषमा जम्मा हुनसक्ने र स्वास्थ्य बीमा कार्यक्रमलाई दीगो बनाउन अन्य स्रोत खोज्नु नपर्ने उनको विश्वास छ ।

स्वास्थ्य बीमा बोर्डको संसाधन विकास तथा व्यवस्थापनमा सुधार गर्न सकेमा र आवश्यकताका आधारमा मात्रै बीमामा आबद्ध हुने परिपाटीलाई नियन्त्रण गर्न सकेमा 'आगामी ५-७ वर्षमा नै स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुँदै जान्छ' डा. शर्माले भन्छन् ।

पूर्व स्वास्थ्य सचिव शर्माले बीमा दाबीमा हुने अनियमितता रोक्ने तरिका सुझाउँदै भनिन्, 'स्वास्थ्य बीमामा हुने झुटो दाबी र अनावश्यक जाँच रोक्नुपर्छ । त्यसका लागि मेडिकल काउन्सिललाई बलियो बनाउन आवश्यक छ,' उनले भनिन् ।

उनले उपचारको प्रोटोकल निर्माण गरी स्वास्थ्यकर्मीहरूलाई अनुशासित बनाउन मेडिकल काउन्सिलले निलम्बन गर्न सक्ने प्रावधान सहितको ऐन बनाउनुपर्ने सुझाव दिइन् ।

साथै, स्वास्थ्य बीमा बोर्डलाई झुटा दाबी गर्ने स्वास्थ्य संस्था वा चिकित्सकको नवीकरण खारेज गर्ने अधिकार दिनुपर्ने डा. शर्मा बताउँछिन् । उनी भन्छिन्, 'स्वास्थ्य बीमा बोर्डलाई नै सशक्त बनाउन सकेमा मात्रै स्वास्थ्य बीमा प्रभावकारी हुन्छ ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले राज्यकोष तथा निजी क्षेत्रबाट तलब खानेहरूको तलबको २ प्रतिशत रकम कट्टा गरेर स्वास्थ्य बीमा कोषमा जम्मा गर्ने प्रणालीको विकास गर्ने प्रस्ताव अघि सारेका छन् ।

राष्ट्रपतिदेखि कार्यालय सहयोगीसम्म सबैले तलबको २ प्रतिशत रकम स्वास्थ्य बीमा कोषमा योगदान गर्ने प्रणालीको विकास गर्नु जरुरी रहेको मन्त्री पौडेल बताउँछन् ।

'हामीले बीमा ऐनमा एउटा नीति बनाएका छौं । यदि म बीमामा जोडिए भने मैले ३५ सय रूपैयाँ तिरे हुन्छ । मैले खाने तलबबाट २ प्रतिशत बीमामा योगदान गर्ने व्यवस्था भयो भने मैले १७ हजार तिर्नुपर्छ,' मन्त्री पौडेलको प्रस्ताव छ, 'राष्ट्रपतिदेखि कार्यालय सहयोगीसम्म सबैले र संगठित तथा निजी क्षेत्रमा तलब खानेहरूले बीमा प्रणालीमा योगदान गर्ने प्रणालीको विकास गरौं । तलब खानेहरूले बीमा कोषमा योगदान गर्ने स्थिति विकास गरौं ।'

गरिबीको रेखामुनि रहेका नागरिकको प्रिमियम सरकारले तिरेर स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने मन्त्री पौडेलको भनाइ छ ।यस्तै नागरिकको स्वास्थ्यमा बढी असर पार्ने चिनीजन्य पदार्थमा थप कर लगाउने तथा स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने प्रदूषण, सुर्ती मदिरा आदिमा लगाइएको कर स्वास्थ्य बीमा कोषमा जाने व्यवस्था भए कोष बलियो हुने उनले स्पष्ट पारे ।

त्यसका लागि पहल पनि भइरहेको मन्त्री पौडेल बताउँछन् । 'नागरिकलाई थप भार नपर्ने गरी कर रकम सिधै कोषमा लैजाने व्यवस्थाका लागि हामीले पहल थालेका छौं,' मन्त्री पौडेल भन्छन्, 'यसलाई स्वास्थ्य मन्त्रालय मात्र नभई राज्यको कार्यक्रम ठानेर सुधार ल्याइने हो भने कोष बलियो बन्न सक्छ । स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्न सक्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'कर्मा'को 'सारी लगाइदेऊ' गीतमा उपासनाको नृत्य, सारीमा विपिन



काठमाडौं/नयाँ वर्ष २०८२ को छेको पारेर चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कर्मा'को पहिलो गीतको रूपमा 'सारी लगाइदेऊ' सार्वजनिक गरिएको छ । सलिना बि.कको स्वर रहेको गीतमा भाष्कर स्वाँरको संगीत, सुष्मा सिग्देलको शब्द तथा भाष्कर स्वाँर र सुवास पौडेलको संगीत संयोजन छ । मौलिक नेपाली शब्द प्रयोग गरिएको उक्त गीतलाई रत्यौली संस्कृतिमा तयार पारिएको छ ।

गीतको भिडियोमा फिल्मका शीर्ष कलाकारहरु विपिन कार्की, उपासना सिंह ठकुरी, मुकुन भुसाल लगायत प्रस्तुत छन् । विवाहको आकर्षक सेटअपमा खिचिएको भिडियोमा उपासना नृत्य गर्दै देखिएकी छन् भने विपिनलाई निराश मुद्रामा देख्न सकिन्छ । उनलाई उपासनासहितले महिलाको मेकअप र पहिरन लगाइदिएर सिंगारेका छन् । यसमा कविराज गहतराजको कोरियोग्राफी रहेको छ ।

सौरभ चौधरीको कथा लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा विपिन, उपासना र मुकुनसहित सरिता गिरी, बेन बस्नेत, दिव्य देव पन्त, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मा, जेभिस श्रेष्ठ लगायतको अभिनय छ । वसन्त लम्सालको लगानी रहेको फिल्ममा सञ्जय लामाको छायांकन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा निमेष श्रेष्ठको सम्पादन छ ।

# 'भाइरल गोर्खे' टिजर: भाइरल मोहको कथा



काठमाडौं/आगामी जेठ ३० गतेदेखि प्रदर्शनमा आउन लागेको निगम श्रेष्ठ निर्देशित फिल्म 'भाइरल गोर्खे'को टिजर सार्वजनिक भएको छ । २ मिनेट लामो टिजरले फिल्म भाइरल मोहको कथामा बनेको प्रष्ट पार्छ । अरुको देखासिखी गर्दै टिकटकमा भाइरल हुन सौगातको पात्रले गर्ने विभिन्न क्रियाकलापलाई हास्य शैलीमा प्रस्तुत गरिएको छ । टिजरमा सौगातलाई 'सुपरस्टार'को ट्याग पनि दिइएको छ ।

पछिल्लो समय सामाजिक सञ्जालमा भाइरल हुन जुनसुकै हर्कत गर्ने प्रवृत्तिमाथि फिल्मले व्यंग्य गरेको टिजरले संकेत गर्छ । सौगात र सृष्टिबीचको दृश्य पनि टिजरमा समेटिएको छ, जसमा उनीहरु एकअर्कासँग घनिष्ट देखिन्छन् । ब्रेकअपपछि उनीहरुले एकसाथ काम गरेको यो पहिलो फिल्म हो । टिजरमा चर्चित पत्रकार ऋषि धमलालाई पनि देख्न सकिन्छ । उनी पत्रकारकै भूमिकामा छन् ।

निर्देशक श्रेष्ठ स्वयंको लेखन रहेको फिल्ममा सौगात, सृष्टि र ऋषिसहित बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, विकास लामा, सपना चौधरी, व थापा, सुनिल तामाङ लगायतको अभिनय छ । निर्देशक श्रेष्ठका अनुसार भाइरल प्रवृत्तिको पछि लाग्दाको प्रभाव र असरको परिणामलाई फिल्मले देखाउनेछ । 'छड्के', 'छड्के २' र 'लालपूर्जा'पछि उनको निर्देशनमा बनेको यो चौथो फिल्म हो ।

जिएमआई फिल्मस् र निर्भाना फिल्म स्कुलको ब्यानरमा विशाल ताम्राकार, केवल जंग कुँवर र महेश लामिछानेले फिल्मको निर्माण गरेका हुन् । फिल्मको सह-निर्मातामा भुवन अधिकारी र निखिल पौडेल रहेका छन् । यसमा अमर महर्जनको डिओपी तथा सुरज महर्जनको सिनेमेटोग्राफी छ भने रवि चौधरी र भीम विश्वकर्माको संयुक्त सम्पादन तथा अमित श्रेष्ठको साउन्ड डिजाइन रहेको छ ।

# 'जेरी गल्ली' पुग्दा अनमोललाई मुस्ताङबासीको सम्मान



काठमाडौं/अभिनेता अनमोल केसीको करिअरको सफल फिल्म मानिन्छ, 'जेरी' । २०७१ सालमा प्रदर्शन भएको यो फिल्मले नेपालको पर्यटन प्रवर्द्धनमा समेत ठूलो भूमिका खेलेको छ । फिल्मको केही प्रतिशत छायांकन मुस्ताङमा गरिएको थियो भने 'के यो माया हो' गीत मुस्ताङकै मार्फा गाउँको भक्ति गल्लीमा खिचिएको थियो । जब फिल्म रिलिज भयो, त्यसपछि उक्त गल्लीको पहिचान नै फेरियो ।

फिल्मको सफलता र 'के यो माया हो' गीत लोकप्रिय भएपछि मुस्ताङ र मार्फा गाउँ पुग्ने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको थियो । गीतकै कारण मार्फाको भक्ति गल्ली अझ अन्तरिक पर्यटकको रोजाइमा पर्‍यो । यसपछि स्थानीयहरुले उक्त गल्लीको नाम नै बदलेर 'जेरी गल्ली' राखेका छन् । नेपालमा फिल्मको नामबाट कुनै ठाउँको नामाकरण गरिएको सम्भवतः यो पहिलो पटक हो ।

यतिबेला 'जेरी' नाममै फिल्म 'जेरी अप टप' बनिरहेको छ । यसको छायांकन पनि 'जेरी गल्ली'मा गरिएको छ । बिहीबार फिल्मको टिम छायांकनका लागि मार्फा गाउँ पुग्दा मुस्ताङबासीले बाजागाजासहित भव्य स्वागत गरेका थिए । अनमोललाई त 'जेरी गल्ली'मै राखेर विशेष सम्मान समेत गरियो । उनलाई मार्फा गाउँ चिनाएको भन्दै स्थानीयहरूले क्रेगी (पगरी) गुथाएर सम्मान गरेका थिए ।

'जेरी गल्ली'मा मुस्ताङबासीले गरेको स्वागत र सम्मानको भिडियो सामाजिक सञ्जालमा सेअर गर्दै अनमोलले लेखेका छन्, '१० वर्ष बढी भइसक्यो तर 'जेरी'प्रति देखाइएको माया र सम्मान देख्दा अहिले पनि यस्तो लाग्छ, यो हिजोको कुरा हो । म सम्पूर्ण मुस्ताङ गाउँलाई धन्यवाद दिन चाहन्छु । यो साँच्चै अभूतपूर्व छ ।' भिडियोमा उनी मुस्ताङबासीले सम्मान गर्दा निकै हर्षित देखिएका छन् ।

'जेरी अप टप'को ४ महिनादेखि छायांकन भइरहेको छ । अब छायांकन अन्तिम चरणमा पुगेको निर्माता सरोज न्यौपानेले जानकारी दिए । अनमोलको शीर्ष भूमिका रहेको फिल्ममा भुवन केसी, उषा खड्गी, केदार घिमिरे (माग्ने बुढा), आँचल शर्मा, जसिता गुरुङ, सुरक्षा पन्त लगायतको अभिनय छ । सुयोग गुरुङको निर्देशनमा बनिरहेको फिल्मको प्रदर्शन मिति भने घोषणा भइसकेको छैन ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राजतन्त्रको बहसमा नअलमलिन गौतमको आग्रह




साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला ईन्चार्ज विजय गौतमले मुलुकमा सुशासन, सम्बृद्धिको बहस गर्नुपर्ने बेलामा राजतन्त्रको बहसमा अलमल्लिन नहुने बताएका छन् ।

मुलुकको आजको समस्या र आवश्यक्ता भन्दा बाहिरको बहस समयको बर्बादी मात्र रहेको उनको जिकिर छ । माओवादी केन्द्र निकट नेपाल दलित मुक्तिमोर्चा मकवानपुरको विस्तारित बैठक एवम् प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेता गौतमले भने, 'आज सतहमा देखापरेका भ्रष्ट्राचार, विकृति र विसंगति औंल्याएर एकथरीले जसरी राजतन्त्रलाई विकल्पको रुपमा चित्रित गर्ने दुस्साहस गरिरहेका छन् त्यो भन्दा कुरुप चित्र राजतन्त्रमा ब्यहोरेका छौं ।' अहिले मुलुकलाई अगाडि बढाउन सुशासन र सम्बृद्धिको आवश्यक बहस गर्नुपर्ने उनले बताए ।

मुलुकमा आनन्दले डुल्न पाएका पूर्वराजाले अवान्छित हर्कत बढाए लाखौं युवा सडकमा आएर प्रतिवाद गर्ने र त्यतिबेला देश छोड्नु पर्ने अवस्था आउने उनले दाबी गरे । कार्यक्रममा नेपाल दलित मुक्तिमोर्चाको केन्द्रीय उपाध्यक्ष एवम् बिशेष अतिथि अमरबहादुर बिकले हिजो जनयुद्धको अग्रमोर्चा सम्हालेको दलितले बिभेदको प्रतीकको रुपमा रहेर फालेको राजतन्त्रको कुकृत्यको बारेमा नयाँ पुस्तालाई सुसूचित गराउनु परे पूर्वराजाले अत्यन्त खराब परिस्थिति ब्यहोर्नुपर्ने चेतावनी दिए ।

नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश उपाध्यक्ष एवम्क बागमती प्रदेशसभा सदस्य प्रेमपहादुर पुलामीले हजारौंको बलिदानको जगमा रगतसँग साटिएर आएको संघीय लोकतान्त्रिक गणतन्त्र केही राजा चाहने रैतीहरुको रहरमा फर्कन असम्भव रहेकोले अनावश्यक दुस्साहस नगर्न आग्रह गरे । कार्यक्रममा सहभागीलाई नेपाल दलित मुक्तिमोर्चाको केन्द्रीय उपमहासचिव गणेश विकले बैचारिक प्रशिक्षण चलाएका थिए । कार्यक्रममा नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश सचिवालय सदस्य ललित घलान, मोर्चाकी जिल्ला ईन्चार्ज कमला विक, जिल्ला अध्यक्ष जमिन दियालीलगायतले सम्बोधन गरेका थिए ।

# राष्ट्रिय दल बन्न चार सर्त पूरा गर्नुपर्ने, एउटै चिह्नमा चुनाव लड्न नपाइने

काठमाडौं, ८ चैत/ निर्वाचन आयोगले दलहरूले राष्ट्रिय मान्यता पाउने मापदण्डलाई कसिलो बनाउनुपर्ने प्रस्ताव गरेको छ । राजनीतिक दलसम्बन्धी ऐनको संशोधन विधेयकको मस्यौदामा आयोगले हालको व्यवस्थामा थप दुई वटा सर्त अघि सारेको हो ।

हाल समानुपातिक निर्वाचनमा सदर मतको ३ प्रतिशत मत पाउने र एउटा निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचित दलले राष्ट्रिय मान्यता पाउँछ । आयोगले तीन प्रतिशतको व्यवस्था यथावत राखेर तीनवटा प्रदेशबाट कम्तीमा एक/एक सिट जित्नैपर्ने सर्त राखेको हो ।

आयोगले अब राष्ट्रिय मान्यता पाउन दलहरूलाई चारवटा सर्तहरू तोकेको छ । पहिलो, समानुपातिक निर्वाचनमा सदर मतको तीन प्रतिशत मत पाएको हुनुपर्नेछ । दोस्रो, प्रत्यक्षतर्फ कम्तीमा ७० प्रतिशत सिटमा उम्मेदवारी दिएको हुनुपर्नेछ । तेस्रो, तीन फरक प्रदेशबाट कम्तीमा एक/एक सिट प्राप्त गरेको हुनुपर्नेछ । चौथो, केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीय तहमा कम्तीमा ८० प्रतिशत स्थानीय समिति रहेको हुनुपर्ने सर्त राखिएको छ ।

आयोगले दुई वा बढी दल मिलेर एकल चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्न पाउने व्यवस्था हटाएको छ । त्यससम्बन्धी व्यवस्था रहेको राजनीतिक दलसम्बन्धी ऐनको दफा ४९ खारेज हुनुपर्ने आयोगको प्रस्ताव छ । राष्ट्रिय दल बन्न ८० प्रतिशत सिटमा उम्मेदवार मनोनयन हुनैपर्ने व्यवस्थाले दलहरूबीचको गठबन्धनलाई निरुत्साहित गर्न खोजेको देखिन्छ ।

**दल छाडेमा पद रिक्त**

आयोगले स्वतन्त्र रूपमा निर्वाचित जनप्रतिनिधिहरू आफ्नो पदावधिभरि राजनीतिक दलमा प्रवेश गर्न नपाउने नयाँ व्यवस्था प्रस्ताव गरेको छ । राजनीतिक दलसम्बन्धी ऐनको संशोधन विधेयकको मस्यौदामा स्वतन्त्र निर्वाचित जनप्रतिनिधिहरू दलमा प्रवेश गरेमा ऊ निर्वाचित पद स्वत: रिक्त हुने व्यवस्था गरेको हो ।

हालको निर्वाचन कानुनमा स्वतन्त्र निर्वाचित जनप्रतिनिधिहरूले कुनै दलको सदस्यता लिएमा त्यस्ता व्यक्ति स्वत: त्यो दलको जनप्रतिनिधि बन्थ्यो । संघीय वा प्रदेश सांसद सदस्यहरू सदस्यता लिने



दलको संसदीय दलको सदस्थ बन्थे ।

अब भने त्यो अभ्यास परिमार्जन गरेर आयोगले दल प्रवेश हुनासाथ उनीहरू निर्वाचित भएको पद रिक्त हुने व्यवस्थाको प्रस्ताव गरेको हो । यो प्रस्ताव संघीय संसद्बाट पारित भएमा स्वतन्त्र निर्वाचित सांसदहरू पदावधिभरि अरू दलको सदस्य बन्न पाउने छैनन् ।

निर्वाचन आयोगले कुनैपनि दल आयोगमा दर्ता भएर निर्वाचनमा भाग नलिए दर्ता खारेज हुने व्यवस्था थपेको छ । उसले विदेशमा स्थायी आवासिय अनुमति पाएको व्यक्तिलाई दलको सदस्य हुन नपाउने व्यवस्था प्रस्ताव गरेको छ ।

आयोगले नयाँ दल दर्ता गर्दा पाँच सय मतदाताको सदस्यता बुझाउनुपर्ने हालको व्यवस्था यथावत राखेको छ । तर अब त्यसरी सूची बुझाउँदा एक तिहाइ महिलाको नाम अनिवार्य गर्नुपर्ने भएको छ भने अन्य समुदायको पनि प्रतिनिधित्व गराउनुपर्ने प्रस्ताव छ ।

हालको राजनीतिक दलसम्बन्धी ऐनमा कम्तीमा २१ सदस्यीय केन्द्रीय समितिको व्यवस्था थियो, केन्द्रीय सदस्यको अधिकतम संख्या तोकिएको थिएन । प्रस्तावित मस्यौदामा ३५१ जना भन्दा बढी केन्द्रीय सदस्य राख्न नहुने व्यवस्था प्रस्ताव गरेको छ । आयोगले दलहरू एकीकरण भएमा एक वर्षभित्र महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कुनै दलबाट निर्वाचित जनप्रतिनिधिले दल त्याग गरेमा ऊ निर्वाचित भएको पद स्वत: खाली हुने व्यवस्थालाई यथावत राखिएको बताए । तर कुनै दलको ४० प्रतिशत केन्द्रीय सदस्यले छुट्टै पार्टी खोलेमा भने उनीहरूको पद कायम हुनेछ । यसअघि पटक-पटक बारम्बार यही व्यवस्था संशोधन गरी दलहरूले अध्यादेशबाट पार्टी फुटाउने र नयाँ दललाई मान्यता दिने काम गरेका थिए ।

निर्वाचन आयोगले निर्वाचन खर्च र दल सञ्चालनका लागि राज्यकोषबाट रकम उपलब्ध गराउने प्रस्ताव पनि गरेको छ । त्यसका लागि छुट्टै ऐन निर्माण हुनुपर्ने आयोगको प्रस्ताव छ ।

*(स्रोत: अनलाइनखबर)*

हेटौंडा उपमहानगरपलिका
**४ नं. वडा कार्यालय**
नगर विकास रोड, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता सम्बन्धी सार्वजनिक सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ भित्र विभिन्न व्यवसाय गरिरहेको तर व्यवसाय दर्ता नगरेका तथा घर बहाल कर नतिरी बस्नु भएका व्यवसायीहरुले यथाशिघ्र हेटौंडा उपमहानगर पालिकामा व्यवसाय दर्ता गरी घर बहाल कर समेत तिर्नुहुन सविनय अनुरोध गर्दछौं ।

# उपाध्यक्ष कप भलिबल चैत्र १६ गतेदेखि

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/कैलाश गाउँपालिकाले चैत १६ गतेदेखि उपाध्यक्ष कप भलिबल प्रतियोगिता गर्ने भएको छ । कैलाश खेलकुद विकास समितिको आयोजनामा हुन लागेको तेस्रो उपाध्यक्ष कप भलिबल प्रतियोगिता २०८१ चैत १६ गतेदेखि हुने भएको हो ।

कैलाश खेलकुद विकास समितिले प्रतियोगितामा सहभागिताको लागि दर्ता आवेदन खुला गरिएको छ । चैत्र १३ गते सम्ममा शिक्षा, युवा तथा खेलकुद शाखामा आफ्नो टिम दर्ता गर्न समितिले अनुरोध गरेको छ । प्रतियोगिता चैत्र १६ देखि १८ गतेसम्म सञ्चालन हुने समितिका संयोजक मोहन वाइबाले बताएका छन् । प्रतियोगितामा विजेताले ७५ हजार नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र, उपविजेताले ५० हजार नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने वाइबाले बताए । विधागतरुपमा खेलाडीलाई ट्रफि प्रदान गरिनेछ ।

सहभागी खेलाडी सम्बन्धित वडाको हुनुपर्ने र १६ वर्ष माथिको खेलाडीले नागरिकता, १६ वर्ष मुनिका खेलाडीले जन्मदर्ता अनिवार्य पेश गर्नुपर्ने उनले बताए । एक टिममा १० खेलाडी, कोच, म्यानेजर र अफिसियल गरी १५ जनाको हुनुपर्ने र उनीहरुको खाना र आवासको समितिले व्यवस्थापन गरेको वाइबाले बताए ।

कैलाश-३ कालिकाटार खेलमैदानमा हुने प्रतियोगिताको खेलतालिका चैत १४ गते दिउँसो ३ बजे सार्वजनिक गरिने वाइबाले बताएका छन् ।

# पूर्व कर्मचारी सेवा परिषद् बागमतीमा पुन: पराजुली

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ सेवानिबृत्त राष्ट्रसेवकहरुको संस्था पूर्व कर्मचारी सेवा परिषद् बागमती प्रदेश समितिमा पुन: तीर्थराज पराजुली चयन भएका छन् ।

परिषद्को शनिबार हेटौंडामा भएको साधारणसभा तथा अधिबेशनले पराजुलीको कार्यसमितिको उपाध्यक्षमा श्यामप्रसाद सुबेदी, सचिव केशबप्रसाद कोइराला, सहसचिव बालमुकुन्द ढकाल, कोषाध्यक्ष अधिवक्ता ललिता श्रेष्ठ, सहकोषाध्यक्ष दीपकराज उप्रेती चयन भएका छन् । निर्वाचन अधिकृत शिवप्रसाद बञ्जाराले दिएको जानकारी अनुसार परिषद्को बागमती प्रदेश सदस्यमा कमलप्रसाद आचार्य, कुशकुमार रिजाल, हरि प्रसाद भट्ट, कृष्णप्रसाद भण्डारी, श्यामसुन्दर श्रेष्ठ र रामचन्द्र बर्तौला चयन भएका छन् ।

साधारणसभामा परिषद्का प्रदेश सचिव गोबिन्दप्रसाद प्याकुरेलले संस्थागत प्रतिबेदन र कोषाध्यक्ष ललिता श्रेष्ठले आयाब्यय प्रतिबेदन पेश गरेका थिए । परिषद्ले प्रकाशन गरेको बागमती पूर्वराष्ट्रसेवक बुलेटिनको लोकार्पण पनि गरिएको थियो । परिषद्को कार्यसमितिको पदावधि दुई वर्षको हुनेछ ।

पूर्वकर्मचारी सेवा परिषद् २०४८ मा काठमाडौंमा स्थापना भएपनि देशब्यापी नेटवर्क निर्माण गर्नेक्रम भने पछिल्ला वर्षमा मात्र सुरु भएको थियो । बागमती प्रदेशमा २०७९ चैतमा संगठन बिस्तार भएको बताइएको छ । साधारणसभाको उद्घाटन परिषद्का बागमती प्रदेश अध्यक्ष तीर्थराज पराजुलीको सभाध्यक्षतामा केन्द्रीय अध्यक्ष नेपाल सरकारका पूर्वसचिव बालकृष्ण प्रसाईंले गरेका थिए ।

# सिंगापुर विरुद्ध नेपालको ऐतिहासिक जित

काठमाडौं, ८ चैत/ जिलेस्पी जंग कार्कीको एक मात्र गोलमा नेपालले सिंगापुर विरुद्ध ऐतिहासिक जित हासिल गरेको छ । सिंगापुरको सिंगापुर नेशनल स्टेडियममा शुक्रबार साँझ भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपालले फिफा वरियतामा १५ स्थान माथि रहेको सिंगापुरलाई १-० ले पराजित गरेको हो ।

नेपालका लागि जिलेस्पीले खेलको १२औं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए । मनिष डाँगीको क्रसमा जिलेस्पीले पेनाल्टी बक्समा वान टचमा गोल गरेका हुन् । जिलेस्पीले नेपालका लागि लगातार दोस्रो खेलमा गोल गरेका हुन् । यसअघि गत नोभेम्बरमा अफगानिस्तान विरुद्ध मैत्रीपूर्ण खेलमा पनि जिलेस्पीले नेपालका लागि गोल गरेका थिए । उनले नेपालले खेलेको पछिल्लो चार मध्ये तीन खेलमा गोल गरेका हुन् । विश्वकप छनोट अन्तर्गत गत जुनमा साउदी अरेबियामा भएको यमन विरुद्धको २-२ को बराबरी खेलमा पनि जिलेस्पीले गोल गरेका थिए ।

त्यसपछि पनि नेपालले खेलमा गोल गर्ने मौका पाएको थियो तर सदुपयोग भएन । सिंगापुरले घरेलु मैदानमा बराबरी गोल फर्काउने लगातार प्रयास गरे पनि सफल भएन । सिंगापुरले अन्तिमतिर लगातार आक्रमण गरे पनि नेपाली डिफेन्स र कप्तान तथा गोलकिपर किरणले बचाएका थिए ।

यसै खेलबाट नेपालका लागि दुई नयाँ खेलाडीले सिनियर टिममा डेब्यु गरे । पहिलो पटक राष्ट्रिय टिममा परेका सुमन श्रेष्ठ र सुबास बम ठकुरीले सिंगापुर विरुद्ध डेब्यु गरेका हुन् । दुवैले पहिलो पटक राष्ट्रिय टिममा पर्दा नै डेब्यु गर्ने अवसर पाए । डिफेण्डर सुमन श्रेष्ठले पहिलो रोजाईंमै खेल्दै डेब्युको अवसर पाएका हुन् । यस्तै युवा फरवार्ड सुबास बमले ७२औं मिनेटमा एरिक विष्टको स्थानमा मैदान प्रवेश गर्दै डेब्यु गरे । एफसी एसियन कप छनोट अन्तर्गत मलेसिया विरुद्धको खेलअघि नेपालले तयारी स्वरुप सिंगापुर विरुद्ध मैत्रीपूर्ण खेल खेलेको हो । यसअघि नेपालले सिंगापुरलाई हराउन सकेको थिएन ।

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट :**
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

# ९ महिनामा बागमतीका १ लाख २१ हजार बढीले श्रम स्वीकृति लिए



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/चालू आर्थिक वर्षको ९ महिनामा बागमती प्रदेशका १ लाख २१ हजार भन्दा बढीले श्रमस्वीकृति लिएका छन् ।

२०८१ साउनदेखि फागुन मसान्तसम्म बागमती प्रदेशका २९ हजार ७८ महिला सहित १ लाख २१ हजार २९ जनाले वैदेशिक रोजगारीका लागि श्रमस्वीकृति लिएका हुन् । बागमती प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा बढी चितवनका र सबैभन्दा कम रसुवाका वैदेशिक रोजगारीमा गएको तथ्यांक्ले देखाएको छ । चितवनबाट १८ हजार दुई सय ४८ जनाले श्रमस्वीकृति लिएका छन् भने यस अवधिमा रसुवाबाट एक हजार १ हजार चार सय ७१ जना वैदेशिक रोजगारीमा गएका छन् ।

मकवानपुरबाट वैदेशिक रोजगारीमा जानेको संख्या १३ हजार आठसय ७ जना रहेको सुरक्षित आप्रवासन सामी कार्यक्रम चौथोचरण परिचयात्मक कार्यक्रम तथा अन्तर स्थानीय तह समन्वय बैठकमा जानकारी गराइएको छ । चालू आर्थिक वर्षमा नेपालमा सात लाख ४१ हजार दुईसय ९७ जनाले श्रमस्वीकृति लिएका छन् । यो अवधिमा वैदेशिक रोजगारीमा गएका १ हजार तीनसय ४६ श्रमिकले ज्यान गुमाएका छन् ।

मकवानपुरबाट पाँच वर्षको अवधिमा वैदेशिक रोजगारीको शिलशिलामा विभिन्न देश गएका ८० जनाको मृत्यु भएको छ भने ४६ जना अंगभंग भएका छन् । सुरक्षित आप्रवासन योजना सामीका अनुसार यस वर्षमात्रै १५ जनाको मृत्यु भएको छ । आप्रवासन श्रोतकेन्द्र मकवानपुरमा हालसम्म दर्ता भएका ६ सय ५४ समस्यामध्ये ४ सय ४८ वटा समाधान गरेको उपनिर्देशक डाक्टर भीमप्रसाद तिमल्सिनाले बताए । मकवानपुरका ६ वटा स्थानीय तहमा सामी परियोजना लागू भएको छ भने आगामी आर्थिक वर्षबाट १० वटै पालिकामा कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

**"सुरक्षित आप्रवासन सामी कार्यक्रम प्रभावकारी बन्दै"**

हेटौंडा उपमहानगर पालिकाकी नगरप्रमुख मीनाकुमारी लामाले सुरक्षित आप्रवासन सामी कार्यक्रम प्रभावकारी बन्दै गएको बताएकी छिन् । वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने उद्देश्यले स्वीस सरकार र नेपाल सरकारको द्विपक्षीय सम्झौतामा सञ्चालित परियोजना उपलब्धीमूलक बन्दै गएको उनको भनाई छ । नगरप्रमुख लामाले परियोजनालाई अझै प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय सरकार संवेदनशील बनेर जानुपर्ने धारणा राखिन् । वैदेशिक रोजगारीमा जान चाहनेलाई सीप प्रदान गर्नुका साथै वित्तीय कक्षा सञ्चालन, मनोसामाजिक परामर्शलगायतमा परियोजनाले गर्दै आएको कार्य प्रशंसनीय रहेको उनले बताइन् ।

बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले युवा जाशक्तिलाई स्वदेशमै बस्ने वातावरण निर्माणमा पालिका लागेको बताए । हरेक कृषिउपज बेचविखनको जिम्मेवारी पालिकाले लिने गरी कार्य गरिरहेको उनको भनाई छ । सामी परियोजनाले सूचना तथा परामर्श सेवा, न्यायमा सहजीकरण, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कार्यक्रम र सीप तालिममा सहजीकरण सम्बन्धी कार्य गर्दै आइरहेको छ ।

# काष्ठ उद्यमशीलता अभिबृद्धिका लागि अवलोकन भ्रमण

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/हेटौंडा-६ मा चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहले काष्ठ उद्यमशीलता अभिबृद्धिका लागि उद्योग एवम् व्यवसायको अवलोकन भ्रमण गरेको छ ।

वन तथा कृषि सहज कार्यक्रमको सहयोगमा वन समूहको टोली काष्ठजन्य उत्पादनसँग सम्बन्धित उद्योगको अवलोकन गरेको हो । वन समूहले बकैया-७ हात्तिखोलामा रहेको राजु समिल तथा फर्निचर उद्योग, हेटौंडा-४मा रहेको न्यू त्रिवेणी सप्लायर्स र गणेश समिल तथा फर्निचर उद्योग, बकैया-७ धमिलेमा रहेको ओम नम: फर्निचर उद्योग र हेटौंडा-५ मा रहेको श्रमजीवी महिला काष्ठकला उद्योगको अवलोकन गरेको हो ।

'फागुन १९ गते बकैयाको राजु समिल, २१ गते हेटौंडा त्रिवेणी सप्लायर्स, २५ गते हेटौंडाकै गणेश समिल, २८ गते ओम नम: फर्निचर र चैत ७ गते हेटौंडाकै श्रमजीवी महिला काष्ठकला उद्योग भ्रमण गरी काष्ठ उत्पादनसम्बन्धी विषयवस्तुबारे जानकारी लिइयो'- कार्यक्रमका फोकलपर्सन उमेश अधिकारीले भने ।



अवलोकनमा काष्ठउद्यममा संलग्न उद्यमीले गरेका काम, अवसर, यसका चुनौती, बजारीकरण, लागत मूल्यलगायतको विषयमा जानकारी लिइएको अधिकारीले बताए । अवलोकन भ्रमणबाट काष्ठउद्यम अघि बढाउन गर्नुपर्ने उत्पादन, बजारीकरण एवम् आयआर्जनको अवस्थाबारे जानकारी हासिल भएको वन समूहका अध्यक्ष लक्ष्मण कटुवालले बताए ।

**कार्यालय सहायक आवश्यकता**

*पहिलो पटक प्रकाशित मिति २०८१/१२/०८*

उपरोक्त सम्बन्धमा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाको मिति २०८१/१२/०४ च नं. ६५२ को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/१२/०८ को वैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको कार्यालय सहायक (लेखापाल) आवश्यक परेकोले उक्त पदपूर्तिको लागि ईच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरी यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल**
१. विज्ञापन नं.: ००२/०८१/०८२
२. पद : कार्यालय सहायक (लेखापाल)
३. आवश्यक पद संख्या : १ (एक)
४. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
५. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य/व्यवस्थापन विषयमा कक्षा १२ वा प्रमाण तह उत्तीर्ण
६. परीक्षाको किसिम : लिखित, कम्प्युटर प्रयोगात्मक र अन्तरवार्ता
७. तलब भत्ता : नेपाल सरकारले तोकिए बमोजिम
८. दरखास्त दस्तुर : नगद रु १,०००/- (एक हजार) निवेदन साथ
९. दरखास्त दिने अन्तिम दिन : २०८१/१२/२३ गते विद्यालय समय भित्र
१०. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
११. सम्पर्क मिति : अन्तिम दिनको अपरान्ह ४:०० बजे पछि
१२. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ
१३. तालिम र अनुभव : कम्प्युटर सम्बन्धि अध्ययन, डिप्लोमा तालिम लिएको र कुनै संस्थामा लेखा सम्बन्धि काम गरेको ।
१४. पाठ्यक्रम: हेटौंडा उपनगरपालिकाले निर्धारण गरेको पाठ्यक्रम अनुसार
१४. आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्त लिखित निवेदन -१
ख) SLC वा SEE देखि माथिका शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि-१
ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-१
घ) चारित्रिक प्रमाण पत्रहरुको प्रतिलिपि-१
ङ) ICT सम्बन्धि प्रमाण पत्रहरुको प्रतिलिपि-१

**नोट:-** कार्यालय सहायक (लेखापाल) पदमा विज्ञापन भए पनि विद्यालयको संरचना अनुसार कक्षा ९-१२ सम्म सामाजिक/लेखा/वाणिज्य/व्यवस्थापन विषय अध्यापन गराउन पर्ने भएकोले माथिल्लो योग्यता भएको र मा.वि. तहको शिक्षण अनुमति पत्र भएको एवं अनुभवि व्यक्तिलाई विषेश ग्राहयता दिईने छ ।

**शम्भु प्रसाद बर्तौला (प्रधानाध्यापक)**
**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**
हे.उ.म.न.पा.-३, लेवट, मकवानपुर
सम्पर्क नं. ९८५५०७०९४४ (प्रअ), ९८५५०७४३१५ (अध्यक्ष), ९८४५२९४७५२ (वडा सदस्य)

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना